प्रमाणिकरण मिति २०७९।०९।२६

# लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरण सम्बन्धी
# कर्णाली घोषणापत्र
## सम्वत् २०७९ मंसिर २१गते (६ डिसेम्भर २०२२)
## सुर्खेत

**प्रस्तावना:**

लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरणका लागी नेपाल पक्ष राष्ट्र भई अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, मानवअधिकार, महिला अधिकार, महिला विरुद्ध हुने हिंसा र भेदभाव उन्मूलन तथा दिगो विकास लक्ष्यको पूर्ण कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दै, लैङ्गिक समानता, आर्थिक समृद्धि र सामाजिक न्याय कायम गर्न नेपालको संविधानले प्रत्याभुत गरेका हक अधिकारहरुको पूर्ण कार्यान्वयनका लागि प्रतिवद्धता व्यक्त गर्दै, मौजुदा लैङ्गिक हिंसा निवारण सम्बन्धित कानून तथा नीतिगत व्यवस्था पूर्ण रुपमा लागू गर्ने प्रतिवद्धता जाहेर गर्दै, सामाजिक न्याय र समानतामा आधारित समतामुलक समाजको निर्माण गर्न कर्णाली प्रदेश सरकारको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिले लिएको लैङ्गिक हिंसा विरुद्धको प्रतिवद्धताहरूलाई स्थानीयकरण गर्ने प्रतिवद्धता जाहेर गर्दै, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत कर्णाली प्रदेश सरकारले वीरेन्द्रनगर, सुर्खेतमा आयोजना गरेको नगरपालिका र गाउँपालिकाका उपप्रमुख तथा उपाध्यक्षहरुको सहभागितामा मिति २०७९ साल मंसिर २० र २१ गतेका दिन सञ्चालित लैङ्गिक हिंसा निवारण तथा सामाजिक समाबेशीकरण विषयक कार्यशाला गोष्ठीबाट लैंगिक हिंसा एवम् विभेदको अन्त्य गरी लैङ्गिक समानता, समतामूलक समाज र सामाजिक न्याय सुनिश्चित गर्न लैंगिक हिंसा निवारण तथा सामाजिक समाबेशीकरणका लागि एक्यवद्धता जनाउँदै हामी सबै देहाय बमोजिम संयुक्त कर्णाली घोषणापत्र जारी गर्दछौं ।

१. लैङ्गिक हिंसा प्रभावित व्यक्तिका लागि स्थापना भएका अल्पकालीन सेवा केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न अन्तर स्थानीय तह समन्वय तथा सहकार्य

जीवनबहादुर शाही
मुख्यमन्त्री

र अपनत्व कायम हुने गरी प्रदेश सरकारले अल्पकालीन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गर्ने।

२. सबै स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको तर्जुमा गर्नुका साथै प्रदेश तथा स्थानीय तहको नीति, कार्यक्रम र बजेटको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) र लैङ्गिक उत्तरदायी बजेट (GRB) परीक्षण (Audit) गरी प्राप्त सुझाबको प्रभावकारी कार्यान्वयन गर्ने ।

३. विभेद तथा बहिष्करणका विभिन्न पक्षहरु जस्तै लिङ्ग, जात, उमेर, अपाङ्गता आदिलाई मध्यनजर गर्दै समावेशिता, अन्तर विविधता, समता र सारभूत समानताको अवधारणा तथा सिद्धान्तलाई सबै प्रकारका कानून, नीति, मापदण्ड, निर्देशिका, तालिम, कार्यक्रम, र बजेट मार्फत सम्बोधन गर्ने।

४. सबै स्थानीय तहमा लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गर्ने।

५. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार र लैङ्गिक हिंसा एवम् विभेदका विषयमा सचेतना अभिवृद्धि गरी पितृ सत्तात्मक सोच तथा लैङ्गिक हिंसा एवम् विभेद अन्त्य गर्ने कार्यमा पुरुषजनको सहभागिता सुनिश्चित गर्न प्रदेश तथा स्थानीय तहमा मापदण्ड बनाई लागु गर्ने।

६. प्रदेश तथा स्थानीय तहमा लैङ्गिक हिंसा एवम् विभेद निवारण तथा सामाजिक समाबेशीकरण र समाबेशी विकासलाई प्राथमिकता दिई बजेट विनियोजन गर्ने।

७. औपचारिक, अनौपचारिक, वैकल्पिक, दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, बाल क्लब तथा सामाजिक गतिविधिका माध्यमबाट लैङ्गिक हिंसा एवम् विभेदका नकारात्मक पक्षहरूबारे आमा, बाबु र परिवारका अन्य सदस्यहरू सँग छलफल तथा अन्तर पूस्ता संवाद गर्न आवश्यक व्यवस्था गर्ने।

८. महिला तथा किशोरीहरुको आर्थिक शसक्तिकरणका लागि प्रत्येक वडामा आर्थिक सचेतना कक्षा (Economic Reflect) सञ्चालन गर्ने।

जीवनबहादुर शाही
मुख्यमन्त्री

९. लैङ्गिक विभेदमा आधारित हिंसा अन्त्यका लागि प्रत्येक स्थानीय तहमा पच्चीस जना युवाहरूलाई **साथी शिक्षक**का रूपमा तयार गर्ने र किशोर किशोरी रुपान्तरण कार्यक्रमलाइ सम्पुर्ण स्थानीय तहमा विस्तार गर्ने तथा निरन्तरता दिने।

१०. लैङ्गिक हिंसा एवम् विभेद विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरूहरू ज्योतिष, धामी झाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

११. लैङ्गिक हिंसा र सबै किसिमका विभेदको अन्त्य गर्न **"लैङ्गिक हिंसा एवम् विभेद मुक्त स्थानीय तह"** घोषणा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने।

१२. बालमैत्री स्थानीय शासनका सूचकहरुको कार्यान्वयन गरी आगामी चार वर्ष भित्रमा **बाल मैत्री स्थानीय शासन तह** घोषणा गर्ने।

१३. लैङ्गिक हिंसा विरुद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सञ्जाल मार्फत प्रसारण तथा आदान प्रदान गरी लैङ्गिक हिंसा एवम् विभेद अन्त्यको अभियानलाई सशक्त बनाउने।

१४. निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाबाट समेत लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको लागि सेवा उपलब्ध हुने व्यवस्था गर्न समन्वय र सहकार्य गर्ने। स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूको लागि प्रोटोकल र निर्देशिकाहरू तयार गरी सो सम्बन्धमा अभिमुखिकरण गर्ने।

१५. विकास योजनाको प्रतिफलमा महिला, बालिका तथा किशोरीहरूको पहुँच सुनिश्चित गर्न नीति निर्माण तथा विकास योजना व्यवस्थापनका सबै चरणमा अर्थपुर्ण सहभागिता हुने व्यवस्था गर्ने।

१६. प्रदेश तथा स्थानीय तहमा रहेका गैर सरकारी संघ संस्था, समुदायमा आधारित समूह, टोल विकास संस्था र निजी क्षेत्र सँगको समन्वय, सहयोग र सहकार्यमा लैङ्गिक हिंसा निवारणका लागि सामुदायिक सचेतना, अन्तरक्रिया, बहस तथा पैरवीका कार्यक्रमहरु सञ्चालन गर्ने।

जीवनबहादुर शाही
मुख्यमन्त्री

१७. न्यायिक समितिलाई लैङ्गिक तथा सामाजिक समाबेशीकरण मैत्री बनाउन उक्त समितिका पदाधिकारी तथा कर्मचारी, मेलमिलापकर्ता, मनोविमर्शकता, स्वास्थ्यकर्मि, निगरानी समूह र अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को लैङ्गिक उत्तरदायी न्याय र न्यायमा पहुँच लगायतको विषयमा क्षमता अभिवृद्धि गर्ने।

१८. स्थानीय तहका लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिने।

१९. आर्थिक तथा सामाजिक विकासका कार्यक्रममा लैङ्गिक हिंसा पीडितको लागि आर्थिक आयआर्जन तथा जिविकोपार्जनको क्रियाकलाप सञ्चालन गर्ने।

२०. व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारीको अवस्था सृजना गर्न महिलाको लागि शीप तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने।

२१. सामाजिक हानिकारक अभ्यास, लैङ्गिक हिंसा, सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्न कानूनी व्यवस्थाहरूको बारेमा सचेतीकरण गर्ने।

२२. महिला सहकारी संस्था, एकल महिला समूह, लैङ्गिक हिंसा निगरानी समूह, किशोरी समूहहरू, युवा क्लब, बाल क्लब, टोल विकास समूह र पुरुष जनको सहभागिता मार्फत लैङ्गिक हिंसा एवम विभेद निवारण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।

२३. विद्यालय विमुख बालिका, विद्यालय छोडेका किशोरीहरू, दलित तथा सिमान्तकृत समुदायका बालिकाहरूलाई शिक्षाको अवसर दिलाउन छात्राबास, छात्रवृत्ति जस्ता विशेष कार्यक्रम सञ्चालन गर्ने।

२४. उच्च हिमाली क्षेत्रका विपन्न परिवारका बालबालिकाहरुलाई सुगम स्थानका सार्वजनिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्न आवश्यक व्यवस्था गर्ने।

२५. लैङ्गिक हिंसा एवम् विभेद विरुद्धका कार्यक्रमहरूको नियमित समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

जीवनबहादुर शाही
मुख्यमन्त्री

२६. लैङ्गिक हिंसा निवारण गर्नको लागि संघ, प्रदेश तथा स्थानीयतहका सरकारी, गैरसरकारी, विकास साझेदार, नागरिक समाज तथा निजीक्षेत्र बीच समन्वय, सहकार्य र साझेदारीको सुनिश्चित गर्न संयन्त्र स्थापना गर्ने।

२७. लैङ्गिक हिंसा एवम् विभेद निवारणका लागि जवाफदेही संस्थागत संयन्त्रको लागि गुनासो सुन्ने (Complain Mechanism) र गुनासो उपर प्रभावकारी कदम चाल्ने (Rapid Response) सुदृढ संयन्त्रको व्यवस्था गर्ने।

२८. सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा लैङ्गिक हिंसा नियन्त्रणका लागि सम्पर्क तथा समन्वय गर्न सम्पर्क शाखा (Focal Point) तोक्ने।

२९. यस घोषणापत्र कार्यान्वयनको लागि कार्ययोजना निमांण, श्रोत परिचालन र कार्यान्वयनको अवस्थाको नियमित अनुगमन तथा प्रगति समिक्षा गर्न प्रदेश तथा स्थानीयतहमा संयन्त्र प्रभावकारी बनाउने।

जीवनबहादुर शाही
मुख्यमन्त्री